


# बजार अवलोकन ३८

माघ, २०६८

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि तथा सहकारी मन्त्रालय कृषि विभाग, कृषि व्यावसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द

उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***गएका चार महिनाहरुमा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्य सापेक्षिक रुपमा स्थिर रह्यो जुन देशभर खाद्यान्न बजारहरु सामान्य रुपमा सञ्चालन भएको संकेत हो ।***
- ***नेपाल राष्ट्र बैंकको हालै प्रकाशित प्रतिवेदनका अनुसार, २०६८ माघ महिनामा मूल्य स्फीति ६.८ प्रतिशतमा कायम रह्यो भने खाद्य तथा पेय पदार्थको सूचकाङ्क गत वर्ष यही समयको १७.६ प्रतिशत बृद्धिको तुलनामा ४.० प्रतिशतमा कायम रह्यो ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्य गत एक महिनाभर स्थिर रहयो । मोटा चामलको राष्ट्रिय औसत मूल्य २.२ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भई प्रति किलो रु. ३३.५ भयो भने गहुँको पिठोको मूल्यमा ०.७ प्रतिशतका दरले नगण्य रुपमा कमी आई प्रति किलो रु. ३४.९ भयो । मास र मुसुरोको मूल्यमा क्रमश: ०.२ प्रतिशत र २.३ प्रतिशतका दरले कमी आई प्रति किलो रु. १०९.८ र रु. ९४.० भयो । यो कमी मुख्यत हिउँदे सडकको पहुँचमा सुधार आएको कारण पहाडी तथा हिमाली बजारहरुमा खाद्य बस्तुहरुको मूल्यमा कमी आएको हुनाले भएको हो । आलुको मूल्य भने गत दुई महिना यता निरन्तर रुपमा घटे पश्चात हाल स्थिर रहेको छ । अपवादका रुपमा मोटा चामल र रातो आलुको मूल्यमा आएको कमी वाहेक, २०६८ कात्तिकको तुलनामा हाल प्राय मूल्यहरुले बढ्दो प्रवृति (trend) देखाए भने २०६७ माघको तुलनामा अपवादका रुपमा भटमासको तेल र रातो आलुको मूल्य बृद्धि वाहेक अन्य खाद्य बस्तुहरुको मूल्यले घट्दो प्रवृति देखाएका छन् ।

२०६८ पुष महिनाको तुलनामा पहाडी तथा हिमाली बजारहरुमा प्राय मूल्यहरु कम नै रहयो भने मुख्य उपभोक्ता र तराईका बजारहरुमा मूल्यहरुले न्यून रुपमा घटबढको प्रवृति देखाए । उद्योग वाणिज्य महासंघ/ कृषि उद्यम केन्द्रद्वारा अनुगमन गरिएका पाँच ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा प्राय मूल्यहरुले बढ्दो प्रवृति देखाए ।

नेपाल आयल निगमले पेट्रोल र डिजल/मट्टितेलको मूल्य प्रति लिटर क्रमश: रु. ११२.० र रु. ८१.० (२०६८ पौष महिनाको मूल्य) बाट पुन बृद्धि गरी २०६८ माघ महिनामा प्रति लिटर रु. ११६.० र रु. ८५.० बनाएको छ । इन्धनको मूल्यमा भएको निरन्तर बृद्धिले यातायात लागत मूल्यमा बृद्धि गराउने सम्भावना भएको हुनाले खाद्यान्न मूल्य बृद्धि हुने अनुमान छ ।

नेपाल राष्ट्र बैंकद्वारा माघ महिनामा प्रकाशित पछिल्लो प्रतिवेदनका अनुसार, मूल्य स्फीति चार वर्ष यताकै सबैभन्दा कम ६.८ प्रतिशतमा झरेको छ जुन २०६५ माघ महिनामा ६.४ प्रतिशत थियो । सो कमी मुख्यत खाद्य बस्तुहरुको मूल्य निरन्तर रुपमा घट्नाले भएको हो । उदाहरणका लागि, खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १७.६ प्रतिशतको तुलनामा हाल ४.० प्रतिशतमा कायम रह्यो भने अन्नहरुको सूचकाङ्क ०.६ प्रतिशतका दरले न्यून रुपमा माथि चढ्यो । यद्यपि, यातायात लागतको सूचकाङ्क भने गत वर्ष यही समयको ११.१ प्रतिशतको तुलनामा १७.१ प्रतिशतका दरले बृद्धि भयो ।

### आपूर्ति

पहाडी तथा हिमाली बजारहरुमा पनि सडक र गोरेटाहरुको पहुँचमा सुधार आएको हुनाले देशभर बजारहरु सामान्य रुपमा सञ्चालन भइरहेको देखिएको छ । २०६८ माघ महिनामा राप्ति-भेरी र सुदूर पश्चिम क्षेत्रमा स्थानीय बन्द हडतालका कार्यक्रमहरु भएतापनि सार्वजनिक यातायात क्षेत्रमा सो को उल्लेख्य प्रभाव नपरेको हुनाले खाद्यान्न आपूर्तिमा यसले खासै प्रभाव पारेन ।

### पूर्वानुमान


इन्धनमा भएको निरन्तर मूल्य बृद्धिले ढुवानी लागतमा बृद्धि गराई भविष्यमा खाद्यान्न मूल्य बृद्धि गराउने अनुमान छ । यसका साथै, आउँदो महिनामा आलु, गोलभेडा, ब्रोकाउली र मटर कोसा जस्ता तरकारीहरुको उत्पादन मौसम करीब करीब सकिने हुनाले यी तरकारीहरुको मूल्यमा बृद्धि हुने अनुमान छ ।

हाल सम्म देशभर हिउँदे बालीको उत्पादन पूर्वानुमान सामान्य रहेको छ, अत: सामान्य उत्पादन हुने अनुमान छ । यसले राष्ट्रिय खाद्यान्न वासलातमा सुधार हुने अनुमान छ ।


**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/के जि, लि | परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| **इन्धन** | विभिन्न | ३.६-४.९ % | विश्वव्यापी रुपमा भएको मूल्य बृद्धि । नेपाल आयल निगमको निरन्तर नोक्सानीलाई कम गर्ने प्रयास । |
| **तरकारीहरु** | विभिन्न | रु.४-१०/ किलो | उत्पादन मौसम सकिन लागेको हुनाले आपूर्तिमा कमी । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युत ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०६८ माघ महिनाको मूल्य सँग सम्बन्धित छन् ।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- माघ, २०६८

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३५.० | ०.० | ०.० | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | २.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३३.० | ०.० | ८.१ | १३.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १९०.० | -७.३ | -१९.१ | -१९.१ | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १३७.० | ०.० | ३.० | ७.९ | ▶ | ▶ | ▶ |
| | मास | १०५.० | ०.० | ०.० | -१२.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८३.० | ०.० | ७.८ | -१०.८ | ▶ | ▶ | ▶ |
| | आलु | २४.० | -४.० | -४४.२ | -४.० | ▶ | ▼ | ▶ |
| पोखरा | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३३.० | ०.० | -५.७ | -८.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२५.० | -३.८ | ४.२ | ८.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २१०.० | २.९ | -१४.६ | -२५.० | ▶ | ▼ | ▼ |
| | तोरीको तेल | १५०.० | ०.० | ३.४ | ७.१ | ▶ | ▶ | ▶ |
| | मास | १०५.० | -२.८ | -८.७ | -८.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८५.० | -५.८ | -५.६ | -१०.५ | ▼ | ▶ | ▶ |
| | आलु | २५.० | ९.६ | -११.३ | ०.० | ▲ | ▼ | ▶ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३०.७ | -२.१ | -७.१ | -१.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २८.७ | -२.३ | -४.५ | -१.२ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२०.० | ०.० | -४.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | १८०.० | -२५.० | -२५.० | -४०.० | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १४०.० | -५.४ | ०.० | १२.० | ▼ | ▶ | ▶ |
| | मास | ११०.० | ११.९ | १०.० | ०.० | ▲ | ▶ | ▶ |
| | मुसुरो | ७१.७ | -४.५ | -४.५ | -१०.४ | ▶ | ▶ | ▶ |
| | आलु | १३.० | -७.१ | -६२.९ | ८.३ | ▼ | ▼ | ▶ |
| बिरगंज | मोटा चामल | २९.० | ७.४ | -६.५ | -१२.१ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३०.० | ३.४ | ०.० | -१६.७ | ▶ | ▶ | ▼ |
| | भटमासको तेल | १३४.० | १.५ | ३.१ | १६.५ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २२०.० | ०.० | -८.३ | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १४५.० | ३.६ | ३.६ | ११.५ | ▶ | ▶ | ▶ |
| | मास | १००.० | ८.७ | ८.७ | -३.८ | ▲ | ▶ | ▶ |
| | मुसुरो | ७५.० | १.४ | ०.० | -१०.७ | ▶ | ▶ | ▶ |
| | आलु | १४.० | -६.७ | -६१.१ | ०.० | ▼ | ▼ | ▶ |
| नेपालगंज | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| धनगढी | मोटा चामल | ३६.४ | २.२ | ४.० | १०.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३२.० | ०.० | ६.७ | ६.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १२०.० | -६.८ | २०.० | २०.० | ▼ | ▲ | ▲ |
| | कुखुराको मासु | १४०.० | -१७.६ | -४२.६ | -४४.० | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १४४.० | २.९ | ६.७ | १०.८ | ▶ | ▶ | ▶ |
| | मास | १३७.० | -२.१ | ५.४ | -२.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११५.० | -४.२ | १६.२ | ४.५ | ▶ | ▲ | ▶ |
| | आलु | १५.० | -२५.० | -५०.० | ३६.४ | ▼ | ▼ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य मूल्य परिवर्तन
▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २५.० | ४.२ | -३०.६ | -१०.७ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | २४.० | -४.० | -३३.३ | ०.० | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | ९०.० | ०.० | ०.० | -५.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १८०.० | ०.० | -२५.० | -३०.८ | ▶ | ▼ | ▼ |
| | तोरीको तेल | १५०.० | ०.० | ०.० | -३.२ | ▶ | ▶ | ▶ |
| | मास | ९५.० | ०.० | -१३.६ | -३३.१ | ▶ | ▼ | ▼ |
| | मुसुरो | ९५.० | ०.० | ५.६ | -२६.९ | ▶ | ▶ | ▼ |
| | आलु | १८.० | ०.० | २०.० | २०.० | ▶ | ▲ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | २८.० | -६.७ | -९.७ | -१२.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | -२.७ | १२.५ | -२.७ | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १३५.० | ०.० | ८.० | १२.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २४०.० | ०.० | -२०.० | -२९.४ | ▶ | ▼ | ▼ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८०.० | -५.९ | -५.९ | -५.९ | ▼ | ▶ | ▶ |
| | आलु | २५.० | ०.० | -३७.५ | ०.० | ▶ | ▼ | ▶ |
| रोल्पा | मोटा चामल | ३२.० | -३.० | ६.७ | -८.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | -३६.४ | ▶ | ▶ | ▼ |
| | भटमासको तेल | १४०.० | २१.७ | २१.७ | ७.७ | ▲ | ▲ | ▶ |
| | कुखुराको मासु | २७०.० | -३.६ | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | -८.३ | -४.३ | -८.३ | ▼ | ▶ | ▶ |
| | मुसुरो | १००.० | -१६.७ | -१६.७ | -२३.१ | ▼ | ▼ | ▼ |
| | आलु | ३५.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| सांफेबगर | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| जुम्ला | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| बाजुरा | मोटा चामल | ३२.० | ६.७ | ३.२ | -१५.८ | ▲ | ▶ | ▼ |
| | गहुँको पिठो | ३५.० | -२.८ | -७.९ | -२२.२ | ▶ | ▶ | ▼ |
| | सीमी | १००.० | -१६.७ | -१६.७ | -१६.७ | ▼ | ▼ | ▼ |
| | मास | ११०.० | १०.० | -८.३ | -१५.४ | ▲ | ▶ | ▼ |
| | मुसुरो | ११०.० | १०.० | -८.३ | -१५.४ | ▲ | ▶ | ▼ |
| | आलु | ३०.० | २०.० | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २४०.० | ०.० | ४.३ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| डोल्पा | मोटा चामल | ९०.० | ०.० | -१०.० | -५.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | १३०.० | ०.० | ०.० | १८.२ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | २००.० | ०.० | -१३.० | ०.० | ▶ | ▼ | ▶ |
| | सीमी | २००.० | ०.० | ०.० | ३३.३ | ▶ | ▶ | ▲ |
| | मास | २००.० | ०.० | १७.६ | १७.६ | ▶ | ▲ | ▲ |
| | मुसुरो | २००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रबर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ । यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।